# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले देशले अपशिष्ट प्रबंधन र सतत  विकास जस्ता चुनौतीहरूको सामना गरिरहेको बताउनु भएको छ l

- पश्चिम बंगालमा आगामी वर्ष 2026-मा हुने विधानसभा चुनाउ पूर्व भारतीय जनता पार्टीले आफ्नो राजनीतिक गतिविधिलाई तीव्रता दिएको छ।

- प्रधानमन्त्री  नरेन्द्र  मोदीले भन्नु भएको छ- भारतले चाँडै नै राष्ट्रिय विनिर्माण मिसन शुरु गर्नेछ।

- नयाँ वर्ष २०२६ मा  वन विभागको पहलमा बक्सा टाइगर रिजर्भमा ६ जनवरी देखि ९ जनवरी सम्म 'बक्सा पक्षी महोत्सवको शुभारम्भ  हुनेछ ।

- सिलिगुडी नगर निगमले शहरलाई स्वच्छ तथा  आधुनिक बनाउने दिशामा महत्वपूर्ण  कदम चालेको छ।

## राष्ट्रपति द्रौपदी मुर्मु - अपशिष्ट प्रबंधन

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ -, देशले अपशिष्ट प्रबंधन र सतत  विकास जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। यसको सामना गर्न तकनीकी विशेषज्ञताका साथै सामाजिक र आर्थिक दृष्टिकोणहरू चाहिन्छ। राष्ट्रपति मुर्मु आज झारखण्डको सरायकेला खरसावां जिल्लामा एन.आई.टी, जमशेदपुरको १५ औं दीक्षांत समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो l राष्ट्रपति मुर्मुले तकनिकी  विकासलाई मानव कल्याणका लागि प्रयोग गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभएको छ । उहाँले शिक्षण संस्थानहरुको मुल्यांकन केवल स्तर र भर्नाको  आधारमा मात्र नभई समाजका लागि पुर्याइएको  योगदानका आधारमा पनि हुन पर्ने कुरामा जोड दिनुभएको छ l

## पश्चिम बंगाल-अमित शाह

पश्चिम बंगालमा आगामी वर्ष 2026-मा हुने विधानसभा चुनाउपूर्व भारतीय जनता पार्टीले आफ्नो राजनीतिक गतिविधिलाई तीव्रता दिएको छ। यसै क्रममा केन्द्रिय गृहमन्त्री अमित शाह आज  साँझ तीन दिवसीय दौड़ाहमा कोलकाता आइरहनु भएको छ । प्राप्त रिपोर्ट अनुसार  ,यस  वर्षको अन्तिम दिन अर्थात  31 दिसम्बर  अमित शाहले बंगालमै बिताउने छन् जसलाई पार्टीगत  दृष्टिकोणमा अत्यन्त महत्वपूर्ण मानिंदैछ।भारतीय जनता पार्टीद्वारा जारी बयान अनुसार आज  साँझ 7:30 बजी कोलकाता एयरपोर्टमा उत्रेपछि अमित शाह सोझै सल्ट लेकस्थित पार्टी मुख्यालमा जानुहुनेछ  जहाँ उहाँले  विधानसभा चुनाउको तयारीलाई लिएर संगठनको स्थितिको समीक्षा गर्नुहुनेछ । पार्टीका वरिष्ठ नेता एवं संगठनसित जोड़िएका पदाधिकारीहरूसित बैठक गरी धरातलीय स्थिति, कार्यकर्ताहरूको सक्रियता एवं चुनावी रणनीतिमाथि चर्चा हुनेछ।यस भ्रमणावधि गृहमंत्री अमित शाहले केही महत्वपूर्ण बैठकहरू गर्नुहुनेछ । उहाँले  पार्टी कार्यकर्ताहरूसित अलग-अलग स्तरमा सम्वाद गर्नुहुनेछ अनि चुनावी तयारीहरूको जाँच गर्नुहुनेछ । यसको साथै राष्ट्रिय स्वयंसेवक संघका पदाधिकारीहरूसित पनि बैठक प्रस्तावित छ।  यस बैठकमो बंगालको राजनीतिक परिस्थिति औ चुनावी समन्वयमाथि चर्चा हुनसक्ने सम्भावाना  रहेको छ ।गृहमन्त्री अमित शाहले भारतीय जनता

पार्टीका विधायकगण, सांसदगण अनि कोलकाता नगरनिगमका पार्षदहरूसित पनि अलग अलग बैठक गर्नुहुनेछ। यी बैठकहरूमा शहरी क्षेत्रको राजनीतिक स्थिति र संगठनको सुदृढ़ीकरणमाथि विशेष चर्चा हुने बताइएको छ।

**प्रधान मन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री श्री मोदीले भारतले चाँडै नै राष्ट्रिय विनिर्माण मिसन शुरु गर्ने बताउनु भएको छ। उहाँले राज्यहरूलाई उत्पादनलाई बढावा दिन र व्यापार गर्न सजिलो बनाउन र भारतलाई वैश्विक सेवा केन्द्र बनाउन आग्रह गर्नुभएको छ। नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौं राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुदै उहाँले प्रत्येक राज्यलाई यसलाई उच्च प्राथमिकता बनाउन र वैश्विक कम्पनीहरूलाई आकर्षित गर्न बुनियादी ढाचा सिर्जना गर्न आग्रह गर्नुभएको छ। 'विकसित भारतका लागि मानव संसाधन' विषयक तीन दिवशीय सम्मेलन २६ दिसम्बर देखि शुरु भएको थियो । भारतको जनसांख्यिकीय उपलब्धिलाई उल्लेख गर्नुहुदै प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, देशको लगभग ७० प्रतिशत जनसङ्ख्या श्रमिक वर्गमा छ, जसले आर्थिक प्रगतिको लागि एक अद्वितीय अवसर प्रदान गर्दछ। यसले देशको विकसित भारततर्फको यात्रालाई गति दिनेछ। प्रधानमन्त्री श्री मोदीले अझ भन्नुभयो, भारत अब युवा जनसंख्याको क्षमताबाट सुधार एक्सप्रेसमा सामेल भएको छ, र यो जनसांख्यिकीय लाभांशलाई अझ बलियो बनाउनु सरकारको प्राथमिकता रहेको छ।

**देश - औद्योगिक उत्पादन**

नोभेम्बरमा देशको औद्योगिक उत्पादन छ दशमलव सात प्रतिशतले बढेको छ। गत अक्टोबरमा औद्योगिक उत्पादन ०.५ प्रतिशतले बढेको छ। तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयनको आकडा अनुसार उत्पादनमूलक क्षेत्रमा आठ प्रतिशतले वृद्धि भएका कारण औद्योगिक उत्पादनमा वृद्धि भएको हो। अन्य प्रमुख घटकमध्ये खानी क्षेत्रको वृद्धिदर पाँचदशमलव चार प्रतिशतले बढेको छ। तर, विद्युत् उत्पादन एकदशमलव पाँच प्रतिशतले घटेको छ।

**उत्तर बंगाल- बांग्लादेशी नागरिकहरूप्रति आक्रोश**

उत्तर बंगालको सीमावर्ती क्षेत्रहरूमा बांग्लादेशी नागरिकहरूप्रतिको आक्रोश स्पष्टरूपमा देखिन थालेको छ । सिलगढ़ी, मालदा र कुचबिहारपछि अब दक्षिण दिनाजपुरको बालुरघाटका होटल मालिकहरूले बांग्लादेशी नागरिकहरूलाई कोठा उपलब्ध गराउन स्पष्ट रूपमा अस्वीकार गरेका छन्। देशको अनादर गर्नेहरूका लागि कुनै ठाउँ छैन भन्ने सन्देश दिने चारै जिल्लाका होटलहरू बाहिर पोस्टर र फ्लेक्सहरू टाँसिएका छन्।होटल व्यवसायीहरूले भनेका छन् कि यो निर्णय दबाउमा नभई देशको सम्मानमा लिइएको हो। बालुरघाटका धेरै होटलहरूले स्पष्ट रूपमा बांग्लादेशी नागरिकहरूलाई कोठा दिइने छैन भनेर बताएका छन्। होटल व्यवसायीहरूको तर्क छ कि यदि व्यावसायिक घाटा भएपनि देशको गरिमासित सम्झौता गर्न सकिँदैन।यो निर्णयले बांग्लादेशी नागरिकहरूको कठिनाइलाई उल्लेखनीय रूपमा बढ़ाएको छ। ।सिलगढ़ी पुलिस आयुक्तालयका एक वरिष्ठ अधिकारीले भने, कानूनी रूपमा भारत प्रवेश गरेकाहरूले बस्नको लागि कतै न कतै बस्नैपर्नेछ। यो विषय संवेदनशील छ र पुलिसले परिस्थितिलाई नजिकबाट निगरानी गरिरहेको छ। कुचबिहारमा पनि यस्तै अवस्था छ। जिल्लाका लगभग सबै होटलहरूको स्वागत स्थलमा सूचना र फ्लेक्सहरू टाँसिएका छन्, जसमा बांग्लादेशी नागरिकहरूलाई कोठा नदिन चेतावनी दिइएको छ। सीमावर्ती क्षेत्र चांग्राबन्धामा रहेका होटलहरूमा पनि यस्तै अवस्था छ। होटल मालिकहरूले राष्ट्रविरोधी परिवेश सिर्जना गर्नेहरूसँग व्यापार नगर्ने बताएका छन्।

**'बक्सा पक्षी महोत्सव**

नयाँ वर्ष २०२६ मा फेरि 'बक्सा पक्षी महोत्सव शुरु हुँदैछ। वन विभागको पहलमा बक्सा टाइगर रिजर्भमा ६ जनवरी देखि ९ जनवरी सम्म महोत्सव आयोजना हुनेछ। यस प्रकारको पहिलो आयोजना सन् २०१७ मा सुरु भएको थियो। यसपछि लगातार सात वर्षसम्म यो पक्षी महोत्सव सफलतापूर्वक आयोजना गरिएको थियो। तर, गत वर्षदेखि सुरु भएको तयारी भए पनि अन्तिम समयमा कार्यक्रम रद्द गर्नुपरेको थियो। यसै कारणले अब यो पर्व आगामी वर्षको सुरुवातमा आठौं वर्षमा प्रवेश गर्न गइरहेको छ। महोत्सवको मुख्य स्थान बक्सा टाइगर प्रोजेक्टको पूर्वी डिभिजन जयन्ती रेन्ज कार्यालय नजिकै हुनेछ। सहभागीहरुले यहा रात्री बिश्राम गर्नेछ अनि यहि आधार शिविर बनाइने छ। विभिन्न विषयमा शिविर र चर्चा सत्रको पनि आयोजना गरिनेछ। बर्ष २०२३

सम्म पक्षी महोत्सवका लागि क्याम्पिङ ग्राउण्ड राजाभट्खावामा थियो, तर २०२४ देखि जयन्तीमा क्याम्पिङको व्यवस्था गरिएको छ। बक्सा टाइगर रिजर्भका डीएफओ (पूर्व) देबाशिष शर्माले ६ जनवरी देखि चार दिवशीय बक्सा पक्षी महोत्सव शुरु हुने बताउनुभएको छ । यस महोत्सव को मुख्य उद्देश्य बक्सा क्षेत्रको चराको विविधतालाई उजागर र विश्लेषण गर्नु रहेको छ। बक्साको जंगलमा लगभग ४ सय प्रजातिका चराचुरुङ्गी पाइने अनुमान गरिएको छ । यस वर्ष सकेसम्म धेरै चराहरूको रेकर्ड गर्ने प्रयास गरिनेछ। हिमालयन नेचर एण्ड एडभेन्चर फाउण्डेसनका संयोजक अनिमेष बोसले बक्सा पक्षी महोत्सव देशकै लोकप्रिय पक्षी महोत्सव मध्ये एक भएको बताउनु भएको छ । विगत दुई वर्षदेखि सुन्दरवनमा यस्तै चरा महोत्सव आयोजना हुँदै आएको छ ।

**खरसाङ - ड्रग्स बिक्री निगरानी**

खरसाङ महकुमा पुलिस अधिकारी निरजा शाहको नेतृत्वमा आज खरसाङ क्षेत्रमा पहिले ड्रग्स बिक्री अनि सेवन गर्नेहरूको घर - घरमा गएर निरिक्षण गर्नुभएको छ। उहाँले पुलिसको रेकर्डमा रहेका ड्रग्स बिक्रेता अनि सेवनकर्ताहरू सँग अनि उनीहरूको परिवार सँग भेटर सोधपुछ पनि गर्नुभयो। खरसाङलाई ड्रग्समुक्त बनाउने यस अभियानमा महकुमा पुलिस अधिकारी निरजा शाह आफ्नो व्यक्तिगत फोन नम्बर पनि सार्वजनिक गर्नुहुदै कसैले पनि ड्रग्स ओसार-पसार वा सेवन गरेको थाहा पाए आफूलाई सम्पर्क गर्न अनुरोध गर्नुभएको छ।आज निरिक्षणको क्रममा खरसाङको नयाँ बजार, बर्धवान रोड, पंखाबारी रोड र डाउहील क्षेत्रका विभिन्न घरहरूमा आफ्नो टोलीको साथमा पुगेर खरसाङ महकुमा पुलिस अधिकारी निरजा शाहले ड्रग्स बिक्री वा सेवन नगर्न अपिल गर्नुभएको छ ।

**कदमा मोडमा- सडक दुर्घटना-महिला डाक्टरको मृत्यु**

नक्सलबारी थाना अन्तर्गत कदमा मोडमा हिज राति भएको सडक दुर्घटनामा उत्तर बंगाल मेडिकल कलेज अनि अस्पतालका एकजना महिला डाक्टरको मृत्यु भएको छ। प्राप्त जानकारी अनुसार, मेडिकल कलेजमा ड्युटी समाप्त गरी एउटा सानो चार चक्के गाडीमा दुई महिला डाक्टर र अन्य दुई डाक्टर मिली दुधे घुमेर फर्किरहेको समय विपरीत दिशाबाट आएको अन्य चार चक्के गाडीसँग मुखमुखी ठक्कर हुँदा उक्त दुर्घटना भएको बताइएको छ। दुर्घटनामा दुईवटा गाडी पूर्णरूपले क्षतिग्रस्त भएको छ। उक्त दुर्घटनामा परेर कोलकाता निवासी मेडिकल इंटर्न सान्तनी भादुरीको मृत्यु भएको छ। उक्त दुर्घटनामा अन्य चारजना घाइते भएका छन्।

**गोर्खा जातीय गौरव मास्टर मित्रसेन थापा जन्मजयन्ती**

गोर्खा जातीय गौरव मास्टर मित्रसेन थापाको १३०औँ जन्मजयन्ती तथा पुरस्कार अलङ्करण कार्यक्रम आज भव्य रूपमा सम्पन्न भयो। उक्त कार्यक्रम सूचना एवं संस्कृति विभाग, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन जीटीए तथा मास्टर मित्रसेन थापा साहित्य कला संस्था, दार्जीलिङको संयुक्त आयोजनामा आयोजना गरिएको थियो ।चौरास्ता मल रोड नजिकमा रहेको मास्टर मित्रसेन थापाको सालिकमा श्रद्धासुमन अर्पण गरेर कार्यक्रम को शुरुवात गरिएको थियो। स्थानीय गोर्खा रंगमञ्च भवन, दार्जीलिङको प्रेक्षागृहमा आयोजना गरिएको थियो l कार्यक्रममा डुवर्स निवासी वरिष्ठ गायक इन्द्रजीत मिजारलाई मास्टर मित्रसेन थापा पुरस्कार द्वारा सम्मानित गरियो lकार्यक्रमका प्रमुख अतिथिका रूपमा जीटीएका सूचना एवं संस्कृति विभागका कार्यकारी सभासद अनोस थापा उपस्थित हुनुहुन्थ्यो भने दार्जीलिङ सिक्किम, सिलिगुडी, डुवर्स, खर्साङ लगायत विभिन्न स्थानबाट विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

**सुवास घिसिङ स्मृति पार्क-सरसफाइ तथा वृक्षरोपण अभियान**

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक अध्यक्ष सुवास घिसिङ तथा उहाँकी धर्मपत्नी धनकुमारी सुब्बा घिसिङ को मिरिक स्थित मञ्जुश्री पार्कमा समाधी निर्माण भएपछि, उक्त स्थलको संरक्षण र सम्बर्द्धनका लागि गोर्खा राष्ट्रिय मुक्ति मोर्चा दार्जीलिङ ब्राञ्च कमिटीद्वारा 'सुवास घिसिङ स्मृति पार्क संरक्षण समिति' गठन गरिएको छ। समिति गठन पश्चात् दार्जीलिङ ब्राञ्च कमिटी अन्तर्गत रहेका विभिन्न समष्टिहरूले धारावाहिक रूपमा सरसफाइ अभियान, वृक्षरोपण तथा फलफूलका बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिँदै आएका छन्। यस अभियानको उद्देश्य सुवास घिसिङ स्मृति पार्कलाई स्वच्छ, हरियालीयुक्त तथा ऐतिहासिक धरोहरका रूपमा संरक्षण गर्नु रहेको जनाइएको छ। यसैक्रममा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा सुके मानेभञ्ज्याङ समष्टिका अध्यक्ष अशोक बराइलीको नेतृत्वमा हिज सुके मानेभञ्ज्याङ**

**समष्टि, पोख्रेबुङ–चामुङ समष्टि तथा नागरी धजे समष्टिको संयुक्त आयोजनामा समाधी स्थलमा श्रद्धाञ्जली अर्पण कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा सरसफाइ तथा वृक्षरोपणको कार्य पनि सफलतापूर्वक सम्पन्न गरिएको पोख्रेबुङ–चामुङ समष्टिका अध्यक्ष निगम कार्कीले जानकारी दिनुभएको छ।**

**<u>मिरिक नगरपालिका अध्यक्ष -कोलकाता मंत्रीसिट भेट</u>**

मिरिक नगरपालिका अध्यक्ष एंव हिल्स तृणमूल कंग्रेस चेयरम्यान एलबी राईले कलकत्ता भ्रमणको क्रममा राज्यका बिभिन्न विभागीय मंत्रीहरु सित भेट गर्नुभएको छ I श्री राईले यस अवधि राज्यका विभिन्न मन्त्रीहरूसित भेट गर्दै दार्जीलिंग पहाडको वुनियादी समस्याहरूबारे जानकारी गराँउदै समस्या समधान गरिदिने आग्रह गरेका छ। कलकत्ता भ्रमण अवधि राईले मन्त्रीहरू अरूप विश्वास,चन्द्रिमा भट्टचार्य , मलय घटक आदिसित भेट गरेका छन। मन्त्रीहरूसितको भेटमा मिरिक नगरपालिका अध्यक्ष राईले गत अक्टोबर महिनामा दार्जीलिंग पहाडमा आएको प्राकृतिक आपदाले घरेको क्षय क्षति अनि बुनियादी ढाचा बिकास बारे ब्यापक चर्चा भएको बतैएको छ I

**<u>सिलिगुडी नगर निगम- क्यूआर कोड स्थापना</u>**

सिलिगुडी नगर निगमले शहरलाई स्वच्छ र आधुनिक बनाउने दिशामा ठूलो कदम चालेको छ। अब नगरपालिका क्षेत्रका प्रत्येक घरमा स्थानमा आधारित क्यूआर कोड स्थापना गरिनेछ, जसले घरघर फोहोर संकलन प्रणालीको डिजिटल निगरानी गर्न सक्षम हुनेछ। यो नयाँ प्रणाली अन्तर्गत हरेक घरबाट हरेक दिन समयमै र उचित तरिकाले फोहोर संकलन भइरहेको छ कि छैन भन्ने कुरा प्रत्यक्ष रूपमा हेरिनेछ। सम्पूर्ण प्रक्रियाको निगरानी सिलिगुडी नगर निगम र ठोस फोहोर प्रबन्धनको लागि जिम्मेवार निकाय सुडाले गर्नेछ। हाल १२४ महिला श्रमिकहरू नगर निगमका विभिन्न वार्डहरूमा "निर्मल बन्धु" सँगै 'निर्मल साथी' को रूपमा फोहोर प्रबन्धनको कार्यमा संलग्न छन्। यी महिलाहरू नियमित रूपमा घर-घर गएर मानिसहरूलाई सुख्खा र भिजेको फोहोरलाई अलग-अलग राख्नु पर्ने आवश्यकताको बारेमा सचेत गर्छन। यसको सकारात्मक प्रभाव धेरै क्षेत्रमा देखिन थालेको छ। अब यो प्रणालीलाई थप पारदर्शी र प्रभावकारी बनाउन घरघरमा क्यूआर कोड जडान गरिनेछ। निर्मल साथी वा निर्मल बन्धुले फोहोरमैला उठाउने क्रममा त्यो क्यूआर कोड स्क्यान गर्दा कुन घरबाट कुन समय फोहोर उठाइएको हो भन्ने कुरा स्वतः रेकर्ड हुन्छ। यसले सम्पूर्ण प्रणालीको वास्तविक समय निगरानी गर्न सक्षम गर्दछ। स्मरणीय छ कि यो प्रणाली लगभग एक वर्ष पहिले बशीरहाटमा लागू गरिएको थियो, जहाँ यसले राम्रो परिणाम देखाएको छ। सोही अनुभवका आधारमा सिलिगुडीमा यो योजना लागू गर्ने निर्णय गरिएको छ।

****** ० ******